## तारखोला गाउँपालिकाको आ.व. २०८२/०८३ को प्रथम चौमासिकको प्रगति विवरण

### १. चालु आर्थिक वर्षको वित्तीय प्रगति

- कुल आय जम्मा रु.४१,२५,९८,३७०।- (सुत्रमा आधारित)
- बजेट खर्च जम्मा रू. ५,२८,०५,९७८ (सुत्रमा आधारित)
- चालु खर्चः- रु. ५,०८,०५,९७८ (२०.०७%)
- पुँजिगत खर्चः- रु. २०,००,००० (१.२५%)
- आन्तरिक आयः- रु. १७,२२,६३४.४९।—

### २. जनशक्ति व्यवस्थापन

क) स्थायी सेवामाः- ३१ जना

ख) करार सेवामाः- ५४ जना

जम्माः- ८५ जना

### ३. आ.व. २०८२/०८३ को पहिलो चौमासिक अवधिमा प्रशासन शाखाबाट भए गरेका कामकाजहरुः

- ताराखोला गाउँपालिकाबाट विभिन्न कार्यालयलाई पत्राचार, फाइल व्यवस्थापन, कर्मचारी हाजिरी जस्ता दैनिक प्रशासनिक कामकाज सञ्चालन भएको छ।
- ताराखोला गाउँपालिको कर्मचारीको हाजिरी स्थानान्तरण, सेवा पुस्तिका, पदिन्नती, अनुशासनजन्य कारबाही लगायतका कार्यहरु व्यवस्थापन भइरहेको छ
- अन्य शाखा र वडा कार्यालयसँग समन्वय गरेर सेवा प्रवाहमा सहजता ल्याउन प्रयत्नशिल रहिरहेको छ ।
- नागरिकका गुनासो तथा सुझावहरु संकलन गर्ने र विभिन्न शाखासँग समन्वय गरी समाधानका लागि प्रयास भइरहेको छ।
- ५४ जना करारका कर्मचारीको २०८२ पुष मसान्त सम्म करार नविकरण गरी कर्मचारी व्यवस्थापन कार्यलाई स्वचालित र अनुमानयोग्य बनाईएको छ ।
- अत्यावश्यक विदा स्वीकृत गरिएको, कर्मचारीहरुलाई विभिन्न ठाउँमा तालिममा सहभागी हुन प्रबन्ध मिलाईएको
- कर्मचारीमा सकारात्मक धारणाको विकास भई कार्य सन्तुष्टि र कार्य सम्पादनको स्तर अभिवृद्धि गर्न, प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न तथा नेतृत्व विकास गर्न विभिन्न ठाँउमा तालिममा पठाईएको छ ।

- कार्यपालिका बैठक, गाउँ/ नगरसभा तथा अन्य समिति बैठकहरुको समन्वय गरिएको छ । यो चौमासिक अवधिमा ४ वटा कार्यपालिका बैठक सम्पन्न भएका छन। कार्यपालिका बैठकको कार्य सूची तयार गर्ने, बैठकको निर्णय लेख्ने, र निर्णयहरु अभिलेख राख्ने काम भएका छन।
- संघ तथा प्रदेश सरकार र विभिन्न मन्त्रालय तथा कार्यलयहरुमा माग भए बमोजिमका तथ्याङ्क संकलन गरी पठाईएको छ ।
- अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत मातहतमा रही दैनिक प्रशासनिक काम काज भईरहेको छ। यसै सन्दर्भमा संघीय तथा प्रदेश सरकारमा विभिन्न योजनाहरुको माग गर्ने तथा पत्राचार गर्ने कार्यहरु भइरहेका छन ।

४. **आर्थिक वर्ष २०८२।०८३, मिति २०८२/०४/०१-२०८२/०८/२६ सम्म संकलन भएको आन्तरिक राजश्व विवरण**

| क.सं. | राजश्व शिर्षक | |
|---|---|---|
| १ | सम्पती कर | ५३,६८५.०० |
| २ | भुमिकर/मालपोत | १,३३,१०१.५० |
| ३ | वहाल कर | ४०,१४०.०० |
| ४ | अन्य कर | ४,७००.०० |
| ५ | अन्य सेवा शुल्क तथा बिक्री | ६,९२,६६०.०० |
| ६ | अन्य प्रशासनिक सेवा शुल्क | ४४,४००.०० |
| ७ | सिफारिश दस्तुर | ३,७०,९५०.०० |
| ८ | व्यक्तिगत घटना दर्ता दस्तुर | ७०,१००.०० |
| ९ | नाता प्रमाणित दस्तुर | ३०,०००.०० |
| १० | अन्य दस्तुर | २,१२,०४७.९९ |
| ११ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५३,०००.०० |
| १२ | व्यवसाय कर | १७,८५०.०० |
| जम्मा | | १७,२२,६३४.४९ |

## ५. भौतिक प्रगति विवरण

भौतिक पुर्वाधार तथा वातावरण व्यवस्थापन शाखामा आ. व. २०८२।०८३ मा प्रथम चौमासिक सम्ममा भए गरेका कामहरुको विवरण ।

ठेक्का खोलेर सम्झौताको प्रक्रियामा रहेको योजनाहरु

१. शहिदमार्ग अर्गल पालिका पुवाधुने खोला सिले सडक कालोपत्रे

२. वडा नं. ४ वडा कार्यालय डोगाडी रानिबास पलिम फेदि हुदै मंगला गा पा म्याग्दि जोड्ने पिच सडक

अर्गल स्वास्थ्य चौकि भवनको ठेक्का आह्वान गर्ने तयारी ।

उपभोक्ता मार्फत संचालन हुने योजनाहरुको सर्वेको काम अन्तिम चरणमा पुगेको र प्रत्यक वडामा गई सम्झौता गर्ने प्रक्रियामा रहेको ।

## ६. योजना, प्राविधिक तथा अनुगमन शाखा

- योजना पुस्तक छपाई गरी अधिकांश योजना सम्झौताको चरणमा रहेको

## ७. कृषि, पशु तथा सहकारी विकास शाखा

### कृषि शाखा

- आ व २०८२/०८३ को कृषि विकास शाखाको वार्षिक स्विकृत कार्यक्रम अन्तर्गत फलफुल बगैंचा व्यवस्थापन, यान्त्रिकरण कार्यक्रम, मौरी तथा तेलहन बालि प्रवर्द्धन कार्यक्रम, स्याउ, अलैचि, बोधिचित्तको विरुवा वितरण कार्यक्रम, तरकारी खेति संलग्न कृषकलाइ विउ तथा मल्चिङ प्लाष्टिक वितरण कार्यक्रम र साना सिचाइ कार्यक्रमको सुचना आह्वान गरी प्रस्तावहरु संकलन कार्य चलिरहेको ।

### पशु शाखा

- प्रत्येक वडा कार्यालयको पशु सेवा शाखा लाई पशुपंछीजन्य औषधीहरु वितरण

- नेपाल सरकारको अनुदानमा जुनोटिक रोग तथा AMR को बारेमा जनचेतना कार्यक्रम प्रत्येक वडा कार्यालयको सभाहलमा सम्पन्न
- प्रत्येक वडाका पशु सेवा प्राविधिक द्रारा पशुपालक कृषकहरुको घर दैलोमा गई औषधी उपचार सेवा प्रवाह गरेको
- आवश्यकता अनुसार पशु पालक किसानहरुलाई परामर्श-सरसल्लाह आदि सेवा प्रवाह गरेको
- २४औ घण्टा पशुपंछी जन्यको उपचारमा सम्पुर्ण पशु सेवा प्राविधिक र पशु सेवा शाखा तत्पर रहेको
- दुध, पशुपंछी जन्य उत्पादन अनुदान कार्यक्रमको सूचना प्रकाशित गरि बांकी अन्य कार्य अगाडी बढाईएको
- द्वन्द्व पिडित-आर्थिक विपिन्न- एकल महिला-पिछ्डिएका जनजाति वर्गको लागि ५०%
- अनुदानमा उन्नत जातको बोका पाठि वितरण कार्यक्रमको सूचना प्रकाशित गरि कार्य अगाडी बढाईएको
- आ.व. २०८२-०८३को वार्षिक स्विकृत कार्यक्रम अनुसार पशुपंछी हरुको लागि औषधि खरिद रु ५ लाख को प्रकिया अगाडि बढाईएको
- अन्य कार्यक्रम प्राथमिकताको आधारमा अगाडी बढाउने तयारी अवस्थामा रहेको

## ८. शिक्षा तथा खेलकुद शाखा

सशर्त अनुदान तर्फ

| क्र. स. | कार्यक्रमको नाम | जम्मा खर्च | उपलव्धी |
|---|---|---|---|
| १ | सार्वजनिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुको प्रथम त्रैमासिक तलव निकाशा | रु २,८६,७४,३२३।- | २१ विद्यालय र २१ वालविकास केन्द्रमा कार्यरत शिक्षक कर्मचारीको लागि तलव भत्ता निकाशा |
| २ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | रु ७,८०,४२०।- | २१ विद्यालय र २१ वालविकास केन्द्रमा अध्ययनरत वालविकास केन्द्रदेखि कक्षा ५ सम्मका विद्यार्थीलाई खाजाको लागि अनुदान |

## ९. स्वास्थ्य शाखा

२०८२ साउन १ गते देखि २०८२ कार्तिक मसान्त सम्मको प्रगति
जम्मा सेवा ग्राही संख्या- ५६१६
महिला-३१८७ जना,
पुरुष- २४२९

| कार्यक्रमको नाम | सेवा पाएका जम्मा संख्या |
|---|---|
| खोप कार्यक्रम | २२७ |
| गाउँघर क्लिनिक | १२४० |
| सरसफाई सेसन | ४२५ |

| | |
|---|---|
| महिला स्वास्थ्य स्वयं सेविका | ३५०१ |
| भिटामिन ए खाने ६-११ महिनाको बालबालिका | ५१ |
| भिटामिन ए खाने १२-२३ महिनाको बालबालिका | ४२९ |
| जुकाको औषधी खाने १२-५९ महिनाको बालबालिका | ३४९ |
| बृद्धि अनुगमन गरिएका बालबालिका संख्या | ३४ |
| बृद्धि गरिएको पटक | ४८४ |
| मध्यम कुपोषण भएका | |
| पहिलो पटक आइरन चक्की र जुकाको औषधि पाएका गर्भवती महिला | २१ |
| गर्भवती जाँच सेवा | २० वर्ष मूनी- २,<br>२० वर्ष माथि-१७ |
| प्रोटोकल अनुसार ८ पटक गर्भ जाँच गर्ने | २० वर्ष मूनी- २,<br>२० वर्ष माथि-१७ |
| परिवार नियोजन सेवा लिइरहेका संख्या | १०४६ जना |
| क्षयरोगका बिरामी | ३ जना |
| शंकास्पद क्षयरोगीको  खकार जाँच | १ जना |

**स्वास्थ्य शाखा मार्फत गरिएका अन्य कामहरु**

१. विश्व स्तनपान सप्ताहको अवसरमा सबै स्वास्थ्य संस्थाहरुबाट स्वास्थ्य आमा समूहहरुमा स्तनपान सम्बन्धि स्वास्थ्य शिक्षा सञ्चालन
२. अर्गल स्वास्थ्य चौकी र अमरभूमि स्वास्थ्य चौकीमा मातृशिशु स्वास्थ्य सम्बन्धी स्थलगत अनुशिक्षण कार्यक्रम सञ्चालन भएको (फेयरमेड बि.वाई.सि बागलुङको सहयोगमा)
३. पालिकाको वार्षिक समीक्षा कार्यक्रममा स्वास्थ्यको प्रगति प्रस्तुतीकरण
४. सबै स्वास्थ्य संस्थामा शिशु तथा बाल रोगको एकीकृत व्यवस्थापन (IMNCI) को स्थलगत अनु शिक्षण (Onsite Coaching) कार्यक्रम सम्पन्न,
५. अमरभूमि स्वा.चौ. र ताराखोला स्वास्थ्य चौकीमा संस्थाको न्युनतम सेवा मापदण्ड (MSS) लेखा जोखा कार्यक्रम सम्पन्न,
६. सबै महिला स्वास्थ्य स्वयंसेविकाहरूको लागि नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न,

७. गर्भवती महिलाहरूको निःशुल्क भिडियो एक्सरे (RUSG) सेवा सबै स्वास्थ्य संस्थामार्फत सम्पन्न भएको

८. आमा समूह, स्वास्थ्य संस्था र पालिका स्तरीय मासिक समीक्षा बैठक सम्पन्न

## १०. महिला बालबालिका शाखा

- लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत माध्यमिक विद्यालय स्तरीय नसडक नाटक आयोजना गरियो ।६ वटा माध्यमिक विद्यालय मध्ये ४ वटा विद्यालयको सहभागिता रहेको थियो ।

## ११.पञ्जिकरण शाखा

व्यक्तिगत घटना दर्ता विवरण

- जन्म : ७१

| आ.व. २०८२/०८३ को प्रथम त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण प्रतिवेदन | | | | |
|---|---|---|---|---|
| क्र.स | लाभग्राहीको प्रकार | मासिक दर | लाभग्राही संख्या | भुक्तानी रकम |
| १ | जेष्ठ नागरिक भत्ता अन्य | ४,००० | ८६८ | १०४००७७४ |
| २ | जेष्ठ नागरिक भत्ता (दलित) | २,६६० | १२३ | ९५४९४० |
| ३ | जेष्ठ नागरिक एकल महिला | २,६६० | ११७ | ९१७७०० |
| ४ | विधवा | २,६६० | १९६ | १५६१४२० |
| ५ | पूर्ण अपाङ्ग भत्ता | ३,९९० | २१ | २३५४१० |
| ६ | आंशिक अपाङ्ग भत्ता | २,१२८ | ६१ | ३९१५५२ |
| ७ | दलित बालबालिका | ५३२ | १५३ | २४२०६३ |
| जम्मा | | - | १५३९ | १४६९५८७९ |

- मृत्यु : ३७
- सम्बन्ध विच्छेद : ७
- विवाह : ३०
- बसाईसरी आएको : ३
- बसाईसरी गएको : १२

- जम्मा घटना दर्ताः १६०

## १२. रोजगार सेवा केन्द्र

- आ.व. २०८२।०८३ को प्रधानमन्त्री रोजगार कार्यक्रमको आयोजना संचालनको क्रममा रहेको छ ।
- बैदेशिक रोजगारमा जानेको लागि श्रम स्विकृतिमा सहजिकरण २३ जनालाई गरिएको छ
- बैदेशिक रोजगारिको शिलसिलामा विदेश गएर मृत्यु भएका सन्ततिलाई छात्रावृतिको लागि ४ जनाको पहल गरिएको छ।

## १३. लघुउद्यम शाखा

- भईरहेका लघु उद्यमी समुहको माग विवरण सँकलन भएको ।
- नयाँ उद्यमी सिर्जनाको लागि आवश्यक सर्वेक्षण भएको ।
- लघु उद्यमी समुहहरू दर्ता प्रक्रियामा रहेको ।

## १४. सेवा प्रवाहमा भएका असल अभ्यास तथा सुधारहरू

- आर्थिक विकासको लागि बहुउद्देश्यीय सहकारीसँग हातेमालो गरिएको छ।
- गाउँपालिकामा स्वतः प्रकाशन कार्यको सुरुवात गरिएको छ ।
- बेरूजु फछ्यौंटलाई प्राथमिकतामा राखी काम गरिएको छ।
- ठेक्का व्यवस्थापनमा ई-बिडिङ्गको प्रयोग गरिएको छ ।
- निरन्तर अनुगमन तथा सुपरिवेक्षण, हरेक योजनामा अनुगमन रिपोर्ट तयार गरेर मात्र भुक्तानी गर्ने गरिएको छ ।
- राजश्व प्रणालीलाई पुर्ण रुपमा सुत्रमा आवद्ध गरिएको छ ।

**अन्त्यमा,**

यो प्रतिवेदन तयार पार्नका लागि यथार्थ विवरण उपलब्ध गराउँने शाखा प्रमुख र प्रतिवेदन तयारीमा सहयोग गर्ने प्रशासकीय अधिकृत धन्यवादको पात्र हुनुहुन्छ।

बिमल रिजाल
प्रमुख प्रशासकीय अधिकृत